# भीमेश्वर नगरपालिका

## चरिकोट, दोलखा

### ३ नं. प्रदेश, नेपाल

## बजेट सिलिङ्ग र मार्गदर्शन, आ.व. २०७६/७७

नगरपालिकाले आफ्नो आधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ। यही व्यवस्था अनुसार भीमेश्वर नगर कार्यपालिकाले आ.व. २०७६/७७ का लागि वार्षिक विकास योजना बनाउन लागिएको सन्दर्भमा आर्थिक, सामाजिक र पूर्वाधार विकास गरी लाभको न्यायोचित वितरण गर्दै समृद्ध भीमेश्वर निर्माणको लागि दिगो विकासमा सहयोग पुऱ्यउने वार्षिक योजना बनाउन आवश्यक छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, सङ्घीय, प्रादेशिक आवधिक विकास योजना, विकासमा अन्तर सम्बन्धित विषयहरू, दिगो विकासका सूचकहरू र भीमेश्वर नगरपालिकाले बृहत् आवधिक योजना तर्जुमा गर्दा आयोजना गरिएको वडास्तरीय छलफलबाट प्राप्त सुझावहरूलई आ.व. २०७६/७७ को वार्षिक विकास योजना तर्जुमाका लागि कर्यक्रम र आयोजनाहरू छनौटको आधारको रूपमा लिनुपर्ने छ।

**क. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा निम्न विषयहरूलाई प्राथमिकता दिनुपर्ने छ।**

१. वडा तथा नगरपालिकाको समृद्धिको आधार हुने,
२. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने र उद्यमशीलता विकास गर्ने,
३. पुँजी निर्माण गर्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, बजारसँग आवद्ध हुने,
४. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
५. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
६. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
७. महिला, बालवालिका लगायत अन्य लक्षित वर्ग तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
८. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
९. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने, प्रकोप व्यवस्थापनमा सहयोग पुऱ्याउने,
१०. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
११. आवश्यक देखेका अन्य बिषयहरू।

**ख. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा निम्न विषयगत क्षेत्रहरू तोक्नुपर्ने छ।**

१. **आर्थिक विकास :** कृषिबाली तथा पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रहरू आदि,
२. **समाजिक विकास :** आधारभूत तथा माध्यमिक शिक्षा, आधाभूत स्वास्थ्य सरसफाइ, भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रवर्धन, खेलकुद तथा मनोरञ्जन, टोल विकास संस्था गठन तथा परिचालन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकारण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरूको व्यवस्थापन, दलित, आदिवासी जनजाति आदि) जस्ता क्षेत्रहरू,
३. **पूर्वाधार विकास :** सडक तथा पुल (झोलुङ्गे पुल समेत) सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा सञ्चार, पुनर्निर्माण, एकिकृत बस्ती विकास जस्ता क्षेत्रहरू,
४. **वन, वातावरण तथा विपद् व्याबस्थापन :** वन तथा भू-संरक्षण, जलधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चान जस्ता क्षेत्रहरू,
५. **सुशासन तथा संस्थागत विकास :** न्यायिक समितिको संस्थागत विकास, मेलमिलाप तथा मध्यस्थता, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजशव प्रशसन, नगर प्रहरी, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सूचना प्रविधि, स्थानीय तथ्याङ्क सङ्कलन तथा अभिलेख व्यवस्थापन जस्ता क्षेत्रहरू।

**ग. वार्षिक विकास कार्यक्रम र आयोजनाहरू छनौट गर्दा ध्यानदिनुपर्ने विषयहरू निम्नुसार छ।**

१. दिगो विकास लक्ष्य, भईरहेका पूर्वाधारहरूको स्तारोन्नती गर्ने, अधुरा आयोजनाहरू पूरा गर्ने, भूमी व्यवस्थापन सहयोग पुग्ने, दिगो उपयोग हुन, लैङ्गिक तथा बालमैत्री हुने, राजश्वलाई बृद्धि गर्ने, कृषि, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन हुने, वन तथा जडिबुटी जस्ता कच्चा पदार्थमा आधारित उद्योग विकास गर्ने, लक्षित वर्गको उत्थान तथा रोजगरी सिर्जना गर्ने, सार्वजनिक तथा निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने, स्थानीय

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

उत्पादनको प्रवर्द्धन गर्न सकिने, बढी जनसहभागिता उपलब्ध हुने, अन्य वडाहरूसँग सहकार्य हुने र आयोजनाहरू बीचको आवद्धता हुने कार्यक्रम तथा आयोजनाहरूलाई महत्व दिनुपर्ने छ ।

२. प्रतिफल र औचित्य पुष्टि गर्न नसकिने, वितरणमुखी प्रकृतिको, वित्तीय जोखिम भएको, सीमित व्यक्ति, समूह वा संस्थालाई फाईदा हुने प्रकृतिका, टुक्रे प्रकृतिका, सडक, नदीक्षेत्र जस्ता सार्वजनिक क्षेत्रहरू अतिक्रमण हुने प्रकृतिका, रकम खर्च गर्न नसकिने जटिल प्रकृतिका, एउटै आयोजना अन्तर्गत धेरै प्रकृतिका कार्यहरू रहने तथा सडक नयाँ ट्र्याक खोल्ने आयोजनाहरू छनौट गर्न पाइने छैन ।

### घ. वडा समितिले निम्न बमोजिम बस्ती तहको आयोजनाहरू छनौट गर्नुपर्ने छ ।

१. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्ने छ ।

२. प्रत्येक वडाले वडाभित्रका बस्तीहरूमा योजना तर्जुमाका लागि बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्ने छ ।

३. बस्ती तहको योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग, युवा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने छ ।

४. टोल/बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लब/सञ्जाल, युवा क्लब, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि समूहहरू) लाई समेत सहभागी गराउनु उपयुक्त हुने छ ।

५. माथि उल्लेख भए बमोजिमका सरोकारवालहरूलाई अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजकत्वमा निर्धारित मिति, समय र स्थानमा उपस्थित भई अन्तरक्रिया एवम् विमर्श गरी आयोजना छनोट गर्नुपर्ने छ । यसरी छनौट भएका आयोजनाहरूको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पेश गनुपर्ने छ ।

६. प्रत्येक वडाले भौतिक पूर्वाधार आयोजना छनौट गर्दा कम्तीमा रु. ५ लाख भन्दा ठूला आयोजना छनौट गर्नपर्ने छ । भौतिक पूर्वाधार तर्फ ५ देखि १० वटा आयोजना छनौट गर्न सकिने छ । आयोजनाहरूको कुल संख्या १० देखि १५ वटासम्म हुनुपर्ने छ ।

७. प्रत्येक वडाबाट एक भन्दा बढी वडासँग सम्बन्धित हुने रु. १० लाख भन्दा बढी लागत अनुमानको नगर गौरवको एक वटा नगरस्तरिय आयोजना सिफारिस गनुपर्ने छ । त्यसैगरी संघ र प्रदेशमा सिफारिस गर्न रु. २५ लाख भन्दा बढी लागत अनुमान हुने, ठूलो समुदायलाई लाभ पुग्ने, पूँजी सिर्जना गर्ने २ देखि ५ वटासम्म आयोजना सिफारिस गर्नुपर्ने छ ।

### ङ. वडागत रुपमा योजनाको छनौट र प्राथमिकीकरण गर्नुपर्ने छ ।

१. यो मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरूले बस्ती/टोलबाट प्राप्त आयोजनाहरू मध्येबाट वडाको लागि प्राप्त बजेटको सीमाको अधिनमा रही आयोजनाहरू छनौट गरी प्राथमिकता निर्धारण समेत गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने छ ।

२. बस्ती टोलबाट आयोजना माग गर्दा वडास्तरका महत्वपूर्ण आयोजनाहरू छुट भएको अवस्थमा वडा समितिले त्यस्तो आयोजनाहरू औचित्यको आधारमा समावेश गरी प्राथमिकता क्रममा आयोजनाको सूची तथा बजेट वडा समितिले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश सक्नेछ ।

३. वडा समितिले आयोजनाहरूको प्राथमिकीकरण गर्दा यस मार्गदर्शनमा तोकिएको आधारहरू बमोजिम गर्नुपर्ने छ ।

### च. वडास्तरीय आयोजना सिलिङ्ग र क्षेत्रगत अनुपात :

| क्र.स | वडा नं. | सिलिङ्ग रु. | विषय क्षेत्रानुसार सिलिङ्ग रु. | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक विकास | समाजिक विकास | पूर्वाधार विकास | वन, वातावरण तथा विपद् व्याबस्थापन | सुशासन तथा संस्थागत विकास | |
| १. | १. | १ करोड | ३०% | २०% | ४०% | ५% | ५% | |
| २. | २. | ९० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ३. | ३. | ८० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश नेपाल



प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | वडा नं. | सिलिङ्ग रु. | विषय क्षेत्रानुसार सिलिङ्ग रु. | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक विकास | समाजिक विकास | पूर्वाधार विकास | वन, वातावरण तथा विपद् व्याबस्थापन | सुशासन तथा संस्थागत विकास | |
| ४ | ४. | ८० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ५. | ५. | ९० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ६. | ६. | ८० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ७. | ७. | ९० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ८. | ८. | ९० लाख | ३०% | २०% | ४०% | ५% | ५% | |
| ९. | ९. | १ करोड | ३०% | २०% | ४०% | ५% | ५% | |

**छ. आयोजना प्राथमिकीकरणका आधारहरू :**

१. गरिबी निबारणमा प्रत्यक्ष योगदन पुऱ्याउने आयोजनाहरू (२० अंक)
   (क) प्रत्यक्ष योगदान पुऱ्याउने -२० अंक
   (ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -१० अंक
   (ग) तटस्थ -५ अंक

२. उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरू (१५ अंक)
   (क) सोही आ.व.मा नै प्रतिफल प्राप्त हुने -१५ अंक
   (ख) आगामी आ.व.मा सम्पन्न हुने -१० अंक
   (ग) अन्य -५ अंक

३. आम्दानी र रोजगरी बृद्धि गर्ने आयोजनाहरू (१५ अंक)
   (क) प्रत्यक्ष योगदान पुऱ्याउने -१५ अंक
   (ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -७.५ अंक
   (ग) तटस्थ -0

४. लागत सहभागित जुटाउने आयोजनाहरू (१५ अंक)
   (क) कुल लागतको ४० प्रतिशत वा सो बन्दा बढी लागत सहभागिता हुने -१५ अंक
   (ख) कुल लागतको २० प्रतिशतदेखि ४० प्रतिशतसम्म लागत सहभागिता हुने -१० अंक
   (ग) कुल लागतको १ प्रतिशतदेखि २० प्रतिशतसम्मसहभागिता हुने -५ अंक
   (घ) लागत सहभागिता नहुने -0

   **नोट :** बीस प्रतिशत भन्दा माथि लागत सहभागिता रहने आयोजनाका लागि नगद सहभागिताको रकम मङ्सिर मसान्तभित्र नगरपालिकाको खातामा जम्मा गरिसक्नुपर्ने छ । यस अबधिभित्र रकम जम्मा नभएमा अन्य आयोजनाहरूमा खर्च गर्ने गरी रकम नगरपालिकाले ट्रान्सफर गर्नसक्ने छ ।

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरू (१० अंक)
   (क) आयोजनाहरूलाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने -१० अंक
   (ख) आयोजनाहरूलाई आवश्यक पर्ने ५० प्रतिशत सम्म श्रोत साधन स्थानीय तहमा उपलब्ध हुने -७.५ अंक
   (ग) अन्य -५ अंक

६. समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरू (१० अंक)
   (क) प्रत्यक्ष योगदान पुऱ्याउने -१० अंक
   (ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
   (ग) तटस्थ -0

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरू (१० अंक)
   (क) प्रत्यक्ष योगदान पुऱ्याउने -१० अंक
   (ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
   (ग) तटस्थ -0

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल २०७३



प्रमुख प्रशासकीय अधिकृत

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरू (५ अंक)
(क) प्रत्यक्ष योगदान पुऱ्याउने -५ अंक
(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने -३ अंक
(ग) तटस्थ -०

**नोटः** शिक्षा, स्वास्थ्य, समावेशिकरण जस्ता तत्काल मापन मपन गर्न नसकिने क्षेत्रहरूको प्राथमिकिकरण गर्दा उल्लेखित सूचकमा समावेश नगरी आवश्यकता र औचित्यको आधारमा छुट्टै प्राथमिकिकरण गर्न सकिने छ ।

## ज. आयोजना प्राथमिकीकरण निम्न ढाँचामा गर्नुपर्ने छ ।

| क्र. सं. | आयोजनाको नाम | गरिबी निबारणमा प्रत्यक्ष योगदन पुऱ्याउने (२० अंक) | उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | आम्दानी र रोजगारी वृद्धि गर्ने (१५ अंक) | लागत सहभागित जुटाउने (१५ अंक) | स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने (१० अंक) | समावेशी विकासमा योगदान पुऱ्याउने (१० अंक) | दीगो विकास र वातावरणीय संरक्षण गर्ने (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने (५ अंक) | कुल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | |

**नोट : आयोजनाहरूको प्राथमिकता क्रम निर्धारण गर्दा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नुपर्ने छ ।**

| क्र.स. | अङ्क भार | प्राथमिकता नं. |
|---|---|---|
| १. | ८० अङ्क भन्दा बढी प्राप्त भएमा | १ |
| २. | ६० देखि ८० अङ्क प्राप्त भएमा | २ |
| ३. | ५० देखि ६० अङ्क प्राप्त भएमा | ३ |
| ४. | ६० अङ्क भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

**नोट :** यसरी आयोजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेका आयोजनाहरू छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ मा परेका आयोजनाहरू छनौट गर्न सकिने ।

## झ. आयोजना प्राथमिकीकरण सूची निम्न ढाँचामा हुनुपर्नेछ ।

**भीमेश्वर नगरपालिका**
**वडा नं. .................**
**आ.व. २०७६/७७**

आयोजनाको प्राथमिकीकरण सूची (निर्धारित वडागत बजेट सीमाभित्रका आयोजनाहरूको लागि)

| प्राथमिकता क्रम | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिसँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| क. कृषिबाली तथा पशुपालन : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख. पर्यटन : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ग. उद्योग तथा वाणिज्य : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| घ. सहकारी तथा वित्तीय : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| **सामाजिक विकास** | | | | | | |
| क. आधारभूत तथा माध्यमिक शिक्षा : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ख. आधारभूत स्वास्थ्य : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ग. खानेपानी तथा सरसफाई : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| घ. भाषा, संस्कृति तथा ललितकालाको संरक्षण र प्रवर्द्धन : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ङ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेष्ठ नागरिक, आपाङ्गता भएका व्यक्ति तथा अशक्तको व्यवस्थापन, दलित, आदिवासी जनजाति, महिलन तथा बालबालिका) : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | |
| क. सडक तथा पुल (झोलुङ्गे पुल समेत) : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ख. सिंचाई : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ग. भवन तथा सहरी विकास : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| घ. उर्जा, लघु तथा साना जलविद्युत | | | | | | |
| १. | | | | | | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | | | | | | |
| ३. | | | | | | |
| ङ. सूचना तथा सञ्चार : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| च. पुनर्निर्माण तथा एकिकृत बस्ती विकास : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | |
| क. वन, भू-संरक्षण, जलाधार संरक्षण तथा जलवायु परिवर्तन : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ख. फोहोरमैला व्यवस्थापन : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ग. जलउत्पन्न प्रकोप नियन्त्रण : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| घ. विपद् व्यवस्थापन (वारुणयन्त्र समेत) : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| **सुशासन तथा संस्थागत विकास** | | | | | | |
| क. न्यायिक समितिको संस्थागत विकास, मेलमिलाप तथा मध्यस्थता : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ख. मानव संसाधन विकास : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ग. संस्थागत क्षमता विकास : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| घ. राजश्व परिचान : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ङ. सुशासन र अभिलेख व्यवस्थापन (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सूचना तथा प्रविधि, वित्तीय व्यवस्थापन, स्थानीय तथ्याङ्क व्यवस्थापन) : | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल २०७३



प्रमुख प्रशासकीय अधिकृत

ञ. नगरपालिकास्तरीय गौरवका आयोजना, बहुवर्षिय आयोजनाहरू र दुई वा सो भन्दा बढी वडामा पर्ने आयोजनाहरू निम्न ढाँचामा हुनुपर्नेछ ।

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीतिसँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |

ट. वडागत योजना तर्जुमा निम्नानुसारको कार्य तालिका बमोजिम गनुपर्ने छ ।

| क्र.स. | मिति | कार्य विवरण |
|---|---|---|
| १. | २०७६ जेठ ११ गतेभित्र | • वडा समितिले वडाको विभिन्न टोल/बस्तीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने<br>• वडा सदस्यहरूलाई ती बस्ती/टोलको योजना तर्जुमा सहजीकरणको जिम्मेवारी प्रदान गर्ने |
| २. | २०७६ जेठ १२ गतेभित्र | • वडा समितिले वडाको विभिन्न टोल/बस्तीहरूमा योजना तर्जुमाका लागि छलफल हुने मिति, समय र स्थानसहितको विवरण एवम् सूचना सार्वजनिक गर्ने<br>• सो विवरण एवम् सूचना प्रकाशन/प्रसारण गर्ने प्रयोजनका लागि कार्यपालिकाको कार्यालयमा पेस गर्ने |
| ३. | २०७६ जेठ १८ गतेभित्र | • टोल/बस्तीहरूमा वार्षिक योजना तर्जुमा एवम् आयोजना सुझाव छलफल गर्ने |
| ४. | २०७६ जेठ १९ गतेभित्र | • बस्ती/टोलको वार्षिक योजना तर्जुमा सहजीकरणको जिम्मेवारी प्राप्त वडा सदस्यले वार्षिक योजना तर्जुमा छलफलबाट प्राप्त भएका आयोजनाको सूची एवम् सुझाव वडा समितिमा पेस गर्ने |
| ५. | २०७६ जेठ २१ गतेभित्र | • वडा समितिले वडागत आयोजनाहरूको छनौट र प्राथमिकीकरण निर्धारण सम्बन्धमा बृहत आवधिक योजना तर्जुमाका लागि तयार पारिएको समिति वा कार्यदलसँग छलफल गर्ने |
| ६. | २०७६ जेठ २२ गतेभित्र | • वडा समितिले वडागत आयोजनाहरूको छनौट र प्राथमिकीकरण निर्धारण गर्ने |
| ७. | २०७६ जेठ २६ गतेभित्र | • वडा समितिबाट छनौट र प्राथमिकीकरण निर्धारण भएका आयोजनाहरू बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने |

ठ. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक २०७६ जेठ ३० गते

ड. आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त तथा प्राथमिकता प्रस्तुत् : २०७६ जेठ ३१ गते

ढ. विषयगत समितिको बैठक निम्नानुसार हुनेछ ।

| क्र.स. | समिति | मिति | समय |
|---|---|---|---|
| १. | आर्थिक विकास समिति | २०७६ असार १ गते | दिउँसो २:०० बजे |
| २. | सामाजिक विकास समिति | २०७६ असार २ गते | दिउँसो २:०० बजे |
| ३. | पूर्वाधार विकास समिति | २०७६ असार ३ गते | दिउँसो २:०० बजे |
| ४. | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | २०७६ असार ४ गते | दिउँसो २:०० बजे |
| ५. | सुशासन तथा संस्थागत विकास समति | २०७६ असार ५ गते | दिउँसो २:०० बजे |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
प्रदेश, नेपाल

२०७६/२/८

प्रमुख प्रशासकीय अधिकृत

**ण. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक २०७६ असार ६ र ७ गते**

**त. कार्यपालिकाको बैठकबाट आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्य स्वीकृत गर्ने : २०७६ असार ८ गते**

**थ. नगर सभामा आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्य प्रस्तुत् : २०७६ असार १० गते**

**द. आयोजना कार्यान्वयन :**

१. उपभोक्ताहरूबाट लागत सहभागिता हुन नसक्ने आयोजनाहरू नगारपालिकाबाट नै कार्यानवयन गर्ने ,

२. उपभोक्ता समितिले निर्माण व्यवसायि मार्फत आयोजना कार्यान्वयन गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिलाई कालेसूचिमा राखि कारबाहीको प्रक्रिया अगाडि बढाउने ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा ३ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत